# वन उपभोक्ता समूहहरु न्यायोचिततातिर-एक अनुभव

■ **कमल भण्डारी**

नेपालमा सामुदायिक वन (सा.व.) को अवधारणा आएपछि वनको संरक्षणमा उल्लेखनीय प्रगति भएको कुरालाई कसैले नकार्न मिल्दैन । सा.व.को व्यवस्थापन सँगसँगै समुदायका अधिकांश उपभोक्ताहरूले आफ्नो दैनिक जीवनमा आवश्यक पर्ने वन पैदावारको आपूर्ति सजिलै गर्न थालेको पाइन्छ । वन पैदावार बिक्री वितरणबाट आएको आम्दानीमा पनि अत्यधिक बृद्धि हुँदै गएको छ । कुनै कुनै सामुदायिक वन उपभोक्ता समूह (सा.व.उ.स) को कोषमा विशेष गरी तराईका जिल्लाहरूमा गाउँ विकास समिति (गा.वि.स.) मा आउने वार्षिक रकम भन्दा पनि बढी भएका उदाहरणहरू धेरै छन् । यसरी जम्मा भएको कोषमा वन पैदावारको बिक्री वितरणवाट प्राप्त रकम मुख्य भएको पाइएको छ । यसरी प्राप्त आम्दानीलाई उपभोक्ता समूहहरूले आफ्नो समुदायभित्र सामुदायिक विकासको काम जस्तैः शिक्षकको तलव, बाटो, कुलो, पोखरी, कलभर्ट, सामुदायिक तथा विद्यालय भवन निर्माण तथा मर्मत आदिमा लगानी गर्ने गरेका छन् ।

यस्ता विकासका काममा गरिएको लगानीमा साधारणतया सबै उपभोक्तालाई फाइदा दिने उद्देश्य राखेको पाइन्छ । तर व्यवहारमा यसले न्यायोचित फाइदा पुऱ्याउन नसकेका गुनासाहरू प्रशस्त आउन थालेका छन् । उदाहरणको लागि खेत नहुने गरीबका लागि कुलो निर्माणले के फाइदा भयो ? आफ्ना बच्चाहरू स्कूल पढाउन नसक्नेका लगि स्कूलमा गरिएको लगानीले के कति फाइदा दिन्छ ? भन्ने जस्ता कुराहरू प्रमुख सवालको रूपमा आएका छन् । यसवाट के देखिन्छ भने सा.व. विकासमा सबैको लगानी (श्रम, पैसा आदि) बराबर भएपनि फाइदाको वितरणमा असमान स्थिति देखियो । विशेष सहयोग र सहुलियत पाउनुपर्ने गरीब र पिछडिएका जनजातिहरू फाइदा लिनबाट बन्चित भए । एउटै समूहमा पनि विभिन्न आवश्यकता भएका उपभोक्ताहरू हुन्छन् । कुनै एक विषयमा गरिएको लगानीले सबैलाई फाइदा नहुन पनि सक्छ । यसले त समुदायका टाठाबाठा र आफ्नो आवश्यकताहरू राम्ररी खुलेर व्यक्त गर्न सक्ने र निर्णयमा प्रभाव पार्न सक्नेहरूलाई मात्र फाइदा भएको देखिन्छ ।

................. हाल भइरहेका गतिविधिले कति मात्रामा समाजमा पछाडि पारिएका मानिसहरूको जीविकोपार्जनमा सहयोग पुऱ्याएको छ भन्ने कुरा हेर्नुपर्ने बेला भएको छ । सा.व.को स्रोतबाट केही प्रतिशत रकम त्यस्ता व्यक्तिहरूलाई छुट्टयाएर उनीहरूकै निर्णय अनुसार काम गर्न दिने हो भने त्यस्ता व्यक्तिहरूको जीविकोपार्जनमा केही सजिलो हुने देखिन्छ ।

**त्यसो भए न्यायोचित फाइदा कसरी हुन सक्छ ?**

हाल आएर सा.व.बाट हुने फाइदालाई कसरी न्यायोचित गर्न सकिन्छ भन्ने कुरा ठूलै बहसको विषय बनेको छ । सरकार, दातृनिकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र उपभोक्ता समूहहरू आफैले पनि प्रमुखताका साथ यस विषयलाई उठाउन थालेका छन । यहाँ वन उपभोक्ता समूहको स्तरबाट यो सवालमा भए गरेका केही प्रयासहरूलाई छोटो रूपमा व्याख्या गरिएको छ ।

यस क्रममा माथि उल्लेखित असमान वितरणका कुराहरूलाई मनन गरी केही वन उपभोक्ता समूहहरू गरीब र पछाडि पारिएका घर-परिवारको पहिचान गरी उनीहरूको जीविकोपार्जनमा मद्दत पुग्ने खालका कामहरू गर्न शुरू गरिसकेका छन् । यस कामको लागि मुख्य गरेर आफ्नो कोषमा भएको आम्दानीको केही प्रतिशत रकम लगानी गरिएको पाइएको छ । तल केही उदाहरणहरू प्रस्तुत गरिएको छ । झापा जिल्लाको प्रजापति सा.व.उ.स द्वारा मा केही गरीब घरधुरीहरू छनौट गरी बाखा, सुँगुर

पालन, सानो (नाङ्गले) पसल थाप्नलाई रू.७ देखि १० हजार रूपैयासम्म बिना ब्याज ऋण दिइएको छ । जसबाट त्यस्ता परिवारको जीविकोपार्जनमा केही मद्दत मिलेको देखिन्छ । यसैगरी भोजपुर जिल्लाको बोखिम गा.वि.स.भित्र पर्ने सुन्तले सा.व.उ.स ले त्यहाँका गरीब घरधुरीहरूको पहिचान गरी उनीहरूको इच्छा अनुसारको आम्दानी हुने जस्तैः बाख्रा किनेर दिने इत्यादि गरेका छन् ।

आफ्नो समूहभित्र हेपिएका दलित जातिहरूको आर्थिक, सामाजिक रूपमा केही सुधार ल्याउने अभिप्रायले सप्तरी जिल्ला कुसाहा गा.वि.स. वडा नं. २ को सुरूङ्गा सा.व.ले एउटा उदाहरणीय काम गरेको देखिन्छ । यस सा.व.उपभोक्ता समूहमा जम्मा १७५ घरधुरी छन् । यस मध्ये ४० घरधुरी दलितहरू (पासवान, वि.क., सदा, राम) छन । यी मध्ये ४० घरधुरीलाई फर्निचर उद्योग खोल्न सहयोग पुऱ्याएका छन् । गाउँमा भएको श्रीपुर्राज युवा क्लबको सहयोगमा दलित जनजीविका तथा सा.व. नामक एक दिने अन्तर्क्रिया गोष्ठीबाट फर्निचर उद्योग खोल्ने निर्णय भएको थियो । कुसाहा गा.वि.स. भित्रकै एउटा फर्निचर उद्योगमा यी ४ जना दलितहरूले १ महिनासम्म तालिम लिए । त्यसपछि वातावरणीय कृषि तथा विकास केन्द्र (केड) को वन अधिकार कार्यक्रमको सहयोगमा श्रीपुर्राज युवाक्लब मार्फत तालिम दिन र फर्निचर बनाउन आवश्यक पर्ने सामाग्रीको लागि आर्थिक सहयोग भएको छ । ०५९ साल मंसिर १३ गते तालिम लिएका ४ जना व्यक्तिहरूले गाउँको एउटा घरमा फर्निचर उद्योग शुरू गरेका छन् । सुरूङ्गा सा.व.उपभोक्ता समूहबाट प्रति क्यू.फीट रू ५० का दरले काठ किनेर ल्याई कुर्सी, टेबल, बेन्च, टुल बनाउन थालेको कुरा आनन्द राम बताउँछन् । पहिलो पटक भएर होला अन्य फर्निचर जस्तो गुणस्तरीय सामान बनाउन नसकेकोले बजारमा प्रतिस्पर्धा गर्न नसकेको उनीहरूको अनुभव छ ।

सा.व. को काठ हामी गरीब तथा गाउँका अन्य मानिसहरूलाई बराबर मूल्य पर्ने भएकोले अलि असजिलो परेको छ तै पनि बनाएका सामानहरू बिक्री भइरहने हो भने राम्रै आम्दानी हुने देखिन्छ भन्ने कुरा दलितहरू बताउँछन । यो कामलाई निरन्तरता दिन सक्ने हो भने धेरै जनालाई रोजगार मिल्न सक्छ । किनभने लाहानमा फर्निचर उद्योगहरूले चार/पाँच सय प्रति क्यू.फीटका दरले काठ किनेर पनि ज्यादै नाफा कमाएका छन् भन्ने कुरा क्लबका सदस्य रामनारायण चौधरी बताउनु हुन्छ ।

समाजमा भएका विविध चुनौतीहरूका बाबजुद पनि यसरी सानो परिमाणबाट भएका कामको शुरूवातलाई उदाहरणीय मान्न सकिन्छ । सा.व.को लक्ष्य नै गरिबी निवारणमा मद्दत गर्नु हो भने हाल भइरहेका गतिविधिले कति मात्रामा समाजमा पछाडि पारिएका मानिसहरूको जीविकोपार्जनमा सहयोग पुऱ्याएको छ भन्ने कुरा समेत हेर्नुपर्ने बेला भएको छ । सा.व.को स्रोतबाट केही प्रतिशत रकम यस्ता व्यक्तिहरूलाई छुट्ट्याएर उनीहरूकै निर्णय अनुसार काम गर्न दिने हो भने त्यस्ता व्यक्तिहरूको जीविकोपार्जनमा केही सजिलो हुने देखिन्छ । अहिले विशेष गरी तराईमा कतिपय सा.व.हरूमा वार्षिक २५-३० लाख भन्दा बढी रकम जम्मा हुने गर्दछ । यो रकमको २५ प्रतिशत वन विकासको कार्यमा लगाउनु पर्ने कुरा वन ऐनमा उल्लेख भएको छ । त्यसैगरी उक्त रकमको १०-२० प्रतिशत मात्र समुदायका गरीब मान्छेहरूलाई बिना ब्याजमा ऋण लगानी गर्ने हो भने गरीबी न्यूनिकरणका लागि कुनै दाताको मुख ताक्नु पर्ने स्थिति देखिन्न । अहिले सा.व.हरूमा समाजका टाठाबाठाहरूलाई मात्र फाइदा भएको र गरीबहरू सा.व.को स्रोतबाट किनारा लगाइएको छ भन्ने कुरा व्यापक रूपमा उठिरहेको बेला माथि उल्लेखित प्रयासहरूलाई मध्यनजर गरेर त्यस्ता व्यक्तिहरूको जीविकोपार्जनमा सहयोग पुगेन भने पक्कै पनि विश्वमा नाम चलेको नेपालको सा.व.को अवधारणामा धक्का पुग्ने छ । सिद्धान्त फाइदाजनक भए पनि व्यवहारमा तराजुले जोखेर हेर्नु पर्ने स्थिति आएको छ । त्यसकारण सिद्धान्तलाई व्यवहारमा उतार्ने हो भने समाजका गरीब तथा दलितलाई सा.व.को गतिविधिमा उनीहरूकै मुखबाट फाइदा भएको कुरा सुन्न पाइयो र साच्चैं नै उनीहरूको जीवनस्तरमा सुधार भयो भने मात्र यसलाई सफलताको संज्ञा दिन सकिन्छ ।